वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं.प्रदेश (नेपाल)
२०७४

प्रमाणीकरण गर्ने :

नामः विजयकुमार सरावगी

पद : नगर प्रमुख

वीरगंज महानगरपालिका

मिति : २०७६/११/१६

# वीरगंज महानगरपालिकाको 'भोजपुरी प्रतिष्ठान ऐन-२०७६

## नगरसभाबाट पारित मिति : २०७६/११/११

वीरगंज महानगरपालिका
आदर्शनगर, वीरगंज, पर्सा
प्रदेश नं.२, नेपाल

## प्रस्तावना

भोजपुरी भाषा, साहित्य, कला र संस्कृतिको विकास, संरक्षण र सम्वर्द्धन गर्नुका साथै यस क्षेत्रमा प्राज्ञिक कार्यहरू गर्न, अध्ययन तथा अनुसन्धान गर्न र भोजपुरी भाषाको विकासका निम्ति थप अनुकुल वातावरण तयार गर्न जरुरी रहेको महशुस गर्दै, भोजपुरी भाषा क्षेत्रका लोकविधाहरूको संरक्षण र सम्वर्द्धन गर्न, भोजपुरी भाषाका लागि क्रियाशील व्यक्ति एवं संस्थाहरूलाई प्रोत्साहन गर्नुका साथै तिनीहरूलाई अझ सक्षम एवं सक्रिय बनाउन जरुरी रहेको आवश्यक्ता हेर्दै, तत्सम्बन्धी समन्वय र सहकार्यलाई देशभित्र एवं बाहिरका संघ/संस्थासँग अगाडि बढाउने आवश्यक्ता महशुस गर्दै, नेपालको संविधान २०७२ को दफा २२६ अनुसारको अधिकार प्रयोग गर्दै, 'भोजपुरी प्रतिष्ठान, वीरगंज' स्थापना गर्नुका साथै यस प्रतिष्ठानलाई एक संगठित र सक्षम एवं स्वायत निकायका रूपमा संचालन गर्न वाञ्छनीय भएकोले यस वीरगंज महानगरपालिकाद्वारा 'भोजपुरी प्रतिष्ठान, वीरगन्ज ऐन, २०७६' तर्जुमा एवं लागू गरिएको छ।

## परिच्छेद - १

### नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**:

(१) यस ऐनको नाम वीरगंज महानगरपालिकाको 'भोजपुरी प्रतिष्ठान ऐन-२०७६', रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रतिष्ठान" भन्नाले यस ऐनबमोजिम स्थापना भएको 'भोजपुरी प्रतिष्ठान, वीरगंज' सम्झनु पर्दछ।

(ख) "कार्यकारणी सभा" भन्नाले यस ऐन बमोजिम स्थापना भएको 'भोजपुरी प्रतिष्ठान वीरगंज'को कार्यकारणी सभालाई सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले यस प्रतिष्ठानको कार्यकारणी सभाको अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "सभा सदस्य" भन्नाले यस प्रतिष्ठानको कार्यकारणीं सभाको सदस्य सम्झनु पर्दछ।

(ङ) "सचिवालय" भन्नाले प्रतिष्ठानका निर्णयहरुको कार्यन्वयन गर्न तथा कार्यसम्पादनका लागि गठित कार्यकारणी सभा अन्तरगतको इकाईलाई सम्झनु पर्दछ।

(च) "सदस्य सचिव" भन्नाले यस प्रतिष्ठानको कार्यकारणी सभाअन्र्तगत गठित सचिवालयको सदस्य सचिव लाई सम्झनु पर्दछ।



प्रमुख
वीरगंज महानगरपालिका

(ज) “सल्लाहकार सभा” भन्नाले यस प्रतिष्ठानका सल्लाहकारहरूको सभालाई सम्झनु पर्दछ ।

(झ) “सल्लाहकार” भन्नाले यस प्रतिष्ठानको सल्लाहकार सभाका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(छ) “नियम” वा “निर्देशिका” भन्नाले यस ऐनको दफा १६ बमोजिमको, नियम वा निर्देशिकालाई सम्झनु पर्दछ ।

(ज) “संरक्षक” भन्नाले यस प्रतिष्ठानलाई स्थापना गर्ने वीरगंज महानगरपालिकालाई सम्झनु पर्दछ, जसलाई नगरप्रमुखले प्रतिनिधित्व गर्नेछ ।

(छ) “कार्यालय प्रमुख” भन्नाले यस प्रतिष्ठानको लागि तोकिए बमोजिम कार्यालय प्रमुख सम्झनु पर्दछ ।

(ञ) “पूर्ण सभा” भन्नाले वर्षमा कम्तीमा एक पटक बस्ने कार्यकारणी सभा र सल्लाहकार सभा, मानार्थ सदस्यहरू र आवश्यक्ताअनुसार आमन्त्रित विज्ञको संयुक्त बैठकलाई सम्झनु पर्दछ ।

(ट) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐनअन्तर्गतको नियम वा निर्देशिकामा तोकिएको सम्झनु पर्दछ ।

## परिच्छेद-२

### प्रतिष्ठानको स्थापना, उद्देश्य, काम, कर्तव्य र अधिकार

**३. प्रतिष्ठानको स्थापना:**

(१) यस ऐनद्वारा ‘भोजपुरी प्रतिष्ठान, वीरगंज’को स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानलाई अंग्रेजी भाषामा "Bhojpuri Academy, Birgunj" भनिनेछ ।

(३) यो प्रतिष्ठान अविच्छिन्न उत्तराधिरंकारवाला एक स्वशासित एवं संगठित संस्था हुनेछ ।

(४) यस प्रतिष्ठानको मुख्य कार्यक्षेत्र वीरगंज महानगरपालिका हुनेछ । साथै यसले आफ्नो उद्देश्य अनुरुपका कार्य सम्वन्धित प्रदेश सरकार/पालिकाको स्वीकृति एवं समन्वय प्राप्त गरी अरूस्थानीय तह वा नेपालका अन्य प्रदेशहरूमा समेत गर्न सक्नेछ ।

(५) प्रतिष्ठानको सबै काम कारवाहीको निम्ति अनुसूची १ मा उल्लेख भए अनुसारको आफ्नो छुट्टै छाप हुनेछ ।

६) यो प्रतिष्ठानले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, खरिद गर्न, उपभोग गर्न, बेच-विखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(७) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र यस प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।



प्रमुख
वीरगंज महानगरपालिका

**४. प्रतिष्ठानको उद्देश्यः**

भोजपुरी भाषा, साहित्य, कला र संस्कृतिको विकास, संरक्षण एवम् सम्वर्द्धन गर्ने । साथै यसका विषयमा अनुसन्धान तथा अध्ययन एवं प्राज्ञिक गतिविधिको लागि उपयुक्त वातावरण सृजना गर्ने । भोजपुरीका विभिन्न विधामा कार्य गर्ने व्यक्ति तथा संस्थालाई थप दक्षता प्रदान गर्दै सक्षम एवं सक्रिय बनाउने । यस क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्थाहरूलाई प्रोत्साहन गर्ने । देशभित्र तथा देश बाहिरका विभिन्न सम्वद्ध संघ संस्था तथा व्यक्तिसँग यस क्षेत्रमा समन्वय र सहकार्यलाई अगाडि बढाउने ।

**५. प्रतिष्ठानको कार्यक्षेत्र र अधिकार :** प्रतिष्ठानको कार्यक्षेत्र र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) भोजपुरी भाषा, साहित्य, कला र संस्कृतिकाको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास र प्रवर्द्धन गर्नुका साथै यसको लागि लेखनवृत्ति प्रदान गर्ने-। भोजपुरी भाषी क्षेत्रको लोक कला एवं विधाहरूको विकास तथा संरक्षणमा टेवा पुऱ्याउने ।

(ख) भोजपुरी भाषी क्षेत्रको भाषा, साहित्य, कला एवं संस्कृतिको क्षेत्रमा प्राज्ञिक एवं विमर्शात्मक गोष्ठी, कार्यशाला, तालिम, सभासमारोह संचालन गर्ने ।

(ग) भोजपुरी भाषाका कृतिहरूको संग्रह एवं प्रकाशन गर्ने, साहित्य, लोककला, संस्कृति र महत्वपूर्ण रीतिरिवाजको अभिलेखीकरण तथा संरक्षण गर्ने ।

(घ) भोजपुरी भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा हुने अन्तराष्ट्रिय सभा-सम्मेलनहरूमा प्रतिनिधित्व गर्ने गराउने ।

(ङ) भाषा, साहित्य एवं कलासम्वन्धी कार्य गर्ने राष्ट्रिय, क्षेत्रीय वा अन्तराष्ट्रिय संघ संस्थासित सम्वन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदानप्रदान गर्ने र आवश्यक समन्वय गर्ने ।

(च) प्रतिष्ठानको संचालन तथा उदेश्य अनुरुपको कार्यको लागि सरकारी निकाय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाताबाट वित्तीय, प्राविधिक तथा अन्य सहयोग प्राप्त गर्ने र परिचालन गर्ने ।

(छ) भाषा, साहित्य एवं कलासम्वन्धी कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति वा संस्थालाई कदर एवं प्रोत्साहन गर्ने । भोजपुरी भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका व्यक्तित्वहरूको नाममा पुरस्कार तथा सम्मानको स्थापना गरी त्यसमार्फत यस क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्थालाई प्रोत्साहित गर्ने ।

(ज) भोजपुरी भाषा, साहित्य, कला र संस्कृतिसम्वन्धी विशेष विधामा कार्य गर्ने संरचना स्थापना गरी संचालन गर्ने ।

(झ) प्रतिष्ठानको वार्षिक लेखापरीक्षणका लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।



प्रमुख
वीरगंज महानगरपालिका

## परिच्छेद - ३

### प्रतिष्ठानको संगठनको स्वरूप

**६. भोजपुरी प्रतिष्ठानको संगठन :** यस प्रतिष्ठानको संगठन देहाय बमोजिम हुनेछ ।

(१) संरक्षक: प्रतिष्ठानलाई स्थापना गर्ने वीरगंज महानगरपालिकालाई यस प्रतिष्ठानको संरक्षक निकाय रहनेछ, जसलाई प्रतिनिधित्व गर्दै नगरप्रमुख यस प्रतिष्ठानको पदेन: संरक्षक हुनेछ । नगरप्रमुखको पद कुनै कारणवस खाली रहदाको अवस्थामा उपप्रमुख वा उक्त पदको कार्यकारणी भूमिकामा रहने अन्य व्यक्ति स्वत: संरक्षकको भूमिकामा हुनेछ ।

(२) कार्यकारणी सभा: यस प्रतिष्ठानमा समावेसी किसिमको ७ देखि ११ सम्म सदस्य संख्या भएको एउटा कार्यकारणी सभा हुनेछ । कार्यकारणी सभा यस प्रतिष्ठानको मुख्य कार्यकारणी निकाय हुनेछ । यसका सदस्यहरूलाई सभा सदस्य भनिनेछ । प्रतिष्ठानको कार्यकारणी सभाको अध्यक्षले यसको नेतृत्व र बैठकको अध्यक्षता गर्नेछ ।

(३) सचिवालय: कार्यकारणी सभाको निर्णयहरू कार्यन्वयन गर्न तथा यसको नियमित कार्य सम्पादनका लागि कार्यकारणी सभाअन्तर्गत देहायबमोजिमको ५ सदस्यीय 'सचिवालय' गठन हुनेछ ।

क) कार्यकारणी सभाका अध्यक्ष — अध्यक्ष

ख) कार्यकारणी सभावाट तोकिएको कम्तिमा एक महिलासहित दुई जना — सदस्य

ग) वीरगंज मनपाबाट तोकिएको कर्मचारी — सदस्य

घ) कार्यकारणी सभावाट तोकिएको एक जना कार्यकारणी सभा सदस्य — सदस्यसचिव

(४) सल्लाहकार सभा: यस प्रतिष्ठानमा भोजपुरी भाषा, कला, साहित्य एवं संस्कृतिको विभिन्न विधाका जानकार, अनुभवी र विज्ञ व्यक्तिहरूको एउटा सल्लाहकार सभा हुनेछ । सल्लाहकार सभामा कार्यकारणी सभाको सिफारिसमा आवश्यक्ताअनुसार संरक्षकबाट समावेसी किसिमले १५ जनासम्म सदस्य नियुक्त गर्न सकिने छ । यसका सदस्यहरूलाई सल्लाहकार भनिनेछ ।

(४) केन्द्रीय कार्यालय: यस प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि विभिन्न कार्य सम्पादन गर्नका लागि एउटा केन्द्रीय कार्यालय हुनेछ । प्रतिष्ठानको केन्द्रीय कार्यालय वीरगंज महानगरपालिका क्षेत्रभित्र रहनेछ । कार्यालयको व्यवस्था नभएसम्म वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले तोकेअनुसारको कार्यालयमार्फत प्रतिष्ठानका कार्यहरू हुनेछन् ।

(५) समिति र निकायहरू: प्रतिष्ठानले निर्णय गरी विभिन्न विधा र क्षेत्रमा कार्य गर्नका लागि समिति र निकायहरू बनाउन सक्नेछ ।

(६) नियुक्ति/मनोनयन: यस प्रतिष्ठानका अध्यक्ष र विभिन्न समितिहरूको पदाधिकारी तथा सदस्यहरूको नियुक्ति देहाय बमोजिम हुनेछ ।



प्रमुख
वीरगंज महानगरपालिका

(क). अध्यक्ष: संरक्षकबाट कार्यकारणी सभाको अध्यक्षको नियुक्ति हुनेछ । यस्तो नियुक्तिका लागि संरक्षकले नगर उपप्रमुख, प्रतिष्ठानका पूर्वअध्यक्ष र विज्ञ व्यक्ति वा आवश्यक अन्यसँग परामर्श लिन सक्नेछ ।

(ख) सभा सदस्य: सभा सदस्यहरूको नियुक्ति अध्यक्षको सिफारिसमा संरक्षकबाट हुनेछ ।

(ग) सचिवालय: यस प्रतिष्ठानको सचिवालय दफा ६को उपदफा ३ बमोजिम हुनेछ ।

(घ) कार्यालय प्रमुख: कार्यालय प्रमुखको नियुक्ति तोकिएअनुसार हुनेछ । कार्यालय प्रमुखको नियुक्ति नभएसम्म महानगरपीलकाले तोकेको 'फोकल' अधिकारी नै यसको कार्यालय प्रमुख हुनेछ ।

(ङ) सल्लाहकार: सल्लाहकार सभाका सदस्यहरूको मनोनयन कार्यकारणी सभाको सिफारिसमा संरक्षकबाट हुनेछ ।

(च) अन्य: अन्य नियुक्ति/मनोनयन तोकिएअनुसार हुनेछ ।

७. बैठकसम्बन्धी व्यवस्था: बैठकसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

१) कार्यकारणी सभा:

(क) कार्यकारणी सभाको बैठक कम्तीमा ३ महिनामा एक पटक वा सोभन्दा बढी पटक बस्नेछ ।

(ख) यस बैठकको अध्यक्षता कार्यकारणी सभाका अध्यक्षले वा अध्यक्षको अनुपस्थितमा जेष्ठ सदस्यले गर्नेछ ।

(ग) कार्यकारणी सभाको बैठकको काम, कर्तव्य र अधिकार: दफा ५ मा उल्लेख भएका 'कार्यक्षेत्र र अधिकार'भित्र उल्लेखित भएअनुसारको हुनेछ ।

(घ) कार्यकारणी सभाको लागि बहाल सदस्य संख्या वा दफा ६ को उपदफा (२) मा तोकिएको न्यूनतम संख्यामा जुन बढी हुन्छ त्यसको कम्तीमा ५१ प्रतिशत उपस्थितिलाई बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

२) पूर्ण सभा: वर्षमा कम्तीमा एक पटक कार्यकारणी सभा तथा सल्लाहकार सभाका सबै सदस्यहरूको संयुक्त रुपमा बैठक बस्नुपर्ने छ, जसलाई पूर्ण सभा भनिनेछ । यसको अध्यक्षता कार्यकारणी सभाको अध्यक्षले गर्नेछ । कार्यकारणी सभा तथा सल्लाहकार सभाको बहाल सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत उपस्थितिलाई बैठकको लागि गणपूरक संख्या मानिनेछ । पूर्ण सभाले निम्न कार्य गर्नेछ :

(क) प्रतिष्ठानको वार्षिक नीति तथा योजना निर्धारण गर्ने ।

(ख) प्रतिष्ठानको वार्षिक वा पूरक बजेट र नियमावली वा निर्देशिका पारित गरी प्रमाणीकरणका लागि संरक्षकलाई पठाउने ।

(घ) प्रतिष्ठानको कार्य सम्पादन मूल्यांकन गर्ने, गराउने ।



प्रमुख
वीरगंज महानगरपालिका

## परिच्छेद - ४

### काम, कर्तव्य र अधिकार

**७. संरक्षक, अध्यक्ष, सभा सदस्य, सचिवालय र सल्लाहकार सभा सदस्यहरू:**

(१) संरक्षक: वीरगंज महानगरपालिकाको नगरप्रमुख यस प्रतिष्ठानको संरक्षक हुनेछ । संरक्षकको काम, कर्तव्य र अधिकार:

(क) दफा ६ को उपदफा ६ को (क) अनुसार भोजपुरी प्रतिष्ठानको अध्यक्ष मनोनयन गर्ने ।

(ख) आवश्यक्ताअनुसार प्रतिष्ठानको गतिविधिको अनुगमन गरी आवश्यक सुझाव दिने ।

(ग) प्रतिष्ठानले बनाउने नियम वा निर्देशिकालाई प्रमाणीकरण गर्ने ।

(घ) प्रतिष्ठानभित्र कुनै विवाद वा समस्या उत्पन्न भएमा सोको समाधानका लागि भूमिका गर्ने र अभिभावकत्व गर्ने ।

(ङ) प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि अन्य सहयोगात्मक भूमिका गर्ने ।

(२) अध्यक्ष: अध्यक्षको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ:

(क) दफा ६ को उपदफा ६ को (क) बमोजिम कार्यकारणी सभाका सदस्यहरूको नियुक्तिका लागि संरक्षकलाई नामहरू सिफारिस गर्ने ।

(ख) प्रमुख कार्यकारणीको रुपमा कार्य गर्दै, सभाबाट निर्धारित कार्यक्रम तथा गतिविधिको विधिसम्मत संचालन गर्ने गराउने ।

(ग) कार्यकारणी सभा, सल्लाहकार सभा र सचिवालयको बैठकको अध्यक्षता गर्ने । कुनै विषयमा मत बराबर भई निष्कर्षमा पुग्न नसकेको खण्डमा निर्णयक मत राख्ने ।

(घ) कार्यकारणी सभाबाट सल्लाहकार सभाको सदस्यहरूको लागि चयन भएका नामहरू मनोनयनका लागि संरक्षकलाई पठाउने ।

(ङ) यस ऐनको पालना गर्ने र गराउने तथा अन्य आवश्यक कार्य गर्ने ।

३) कार्यकारणी सभा सदस्यहरू : कार्यकारणी सभा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ:

(क) कार्यकारणी सभाको बैठकमा भाग लिने, प्रस्ताव राख्ने, राखिएको प्रस्तावमाथि छलफल गर्ने र आफ्नो राय व्यक्त गर्ने ।

(ख) प्रतिष्ठानबाट तोकिएको निर्दिष्ट जिम्मेवारी बहन गर्ने । तोकिएअनुसार विभिन्न कार्यक्रम तथा अवसरहरूमा प्रतिनिधित्व गर्ने ।

(ग) व्यक्तिगत रुपमा सामूहिक रुपमा प्रतिष्ठान र यस ऐनप्रति जवाफदेही हुने ।



प्रमुख
वीरगंज महानगरपालिका

(घ) तोकिएको अन्य कार्य गर्ने ।

(४) सचिवालय संयोजक तथा सदस्यहरू: सचिवालय संयोजक तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछः

(क) प्रतिष्ठानको कार्यकारणी सभाको निर्णयहरू कार्यन्वयन गर्ने गराउने, पत्राचार गर्ने गराउने ।

(ख) कार्यकारणी सभाको निर्णयअनुसार प्रतिष्ठानको तर्फबाट प्रतिनिधित्व र गर्ने गराउने ।

(ग) प्रतिष्ठानको नियमित कार्यहरू संचालन गर्ने गराउने ।

(घ) प्रतिष्ठानका लागि योजनाहरूको मस्यौदा तयार गरी कार्यकारणी सभाको बैठकमा पेश गर्ने ।

(ङ) अध्यक्ष तथा कार्यकारणी सभाको निर्देशनमा रही आवश्यक अन्य कार्य गर्ने ।

(५) सल्लाहकार सभा सदस्यहरू: यस प्रतिष्ठानको सल्लाहकार सभा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ :

(क)कार्यकारणी सभाले अहवान गरेको बैठकमा भाग लिने, सभाबाट आएका प्रस्तावमाथि छलफल गर्ने र आफ्नो राय व्यक्त गर्ने ।

(ख) आवश्यक्ताअनुसार कार्यकारणी सभा र अध्यक्षलाई सल्लाह सुझाव दिने ।

(ग) व्यक्तिगत र सामूहिक रुपमा प्रतिष्ठान र यस ऐनप्रति जवाफदेही हुने ।

(घ) भोजपुरी भाषा, कला र संस्कृतिको सम्बर्द्धन तथा प्रवर्द्धनको लागि प्रतिष्ठानलाई आवश्यक सहयोग गर्ने ।

(६) मानार्थ सदस्य: भाषा, साहित्य, संस्कृति, कला र विभिन्न प्राज्ञिक अध्यनको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका नागरिक वा विदेशी व्यक्तिहरुलाई अध्यक्षको सिफासिसमा संरक्षकद्वारा मानार्थ सदस्यको रुपमा मनोनित गर्न सकिनेछ ।

'मनार्थ सदस्यले विज्ञता हासिल गरेको विषय'मा उसको राय सुझाव अध्यक्ष वा कार्यकारणी सभाले आवश्यक्ताअनुसार लिन सक्नेछ । यसको पदावधि सल्लाहकार सरह हुनेछ ।

**८ पदावधि र पद समाप्ति:**

(क) कार्यकारणी सभाका अध्यक्ष तथा सदस्य र सल्लाहकारको पदावधि चार वर्षको हुनेछ । चार वर्षपछि पद स्वत: समाप्ति भएको मानिने छ । एउटा कार्यकारणी सभाको कार्यकाल पूरा भएपछि अर्को कार्यकालको लागि ३ महिनाभित्र नयाँ मनोनयन गरिसक्नु पर्नेछ । अर्को कार्यकारणी सभा गठन नभएसम्म प्रतिष्ठानको कार्य कामचलाउँ रुपमा अवधी सकिएको कार्यकारणी सभाको सचिवालयले गर्ने छ । एक व्यक्ति लागातार २ (दुई) पटकभन्दा बढी एउटै पदमा मनोनयन हुने छैन ।



प्रमुख
वीरगंज महानगरपालिका

(ख) दफा ९ अनुसार योग्य ठहर नभएमा, अधिकारप्राप्त न्यायिक निकायबाट भ्रष्टाचारको आरोप प्रमाणित भएमा, मानसिक अवस्था बिग्रिएमा वा आफैले राजीनामा गरी राजीनामा स्वीकृत भएमा कार्यकारणी सभाका अध्यक्ष तथा सदस्यको पद कायम रहने छैन ।

(ग) राजीनामा दिनुपर्ने भएमा अध्यक्षले संरक्षकलाई र अन्यले अध्यक्षलाई राजिनामा दिन बुझाउन सक्ने छन् । कार्यालय प्रमुखको पद रिक्त हुन गएमा तोकिए अनुसार व्यवस्था हुनेछ ।

## ९. योग्यता:

यस प्रतिष्ठानका अध्यक्ष, सभा सदस्य र सल्लाहकार सभा सदस्यको योग्यता देहायअनुसार हुनेछ:

(क) अध्यक्ष:

-भाषा, साहित्य, कला वा अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको ।

-भाषा, साहित्य र कलाको क्षेत्रमा कम्तिमा ५ वर्षको योगदान र रुची भएको ।

-मातृभाषा भोजपुरी भई नेपाली नागरिक भएको ।

-नैतिक पतन वा सार्वजनिक सम्पत्ति एवं आर्थिक हिनामिनामा दोषी नपाइएको ।

- उमेरको हकमा २५ बर्ष पुरा भई ७० वर्ष ननाघेको ।

(ख) सभा सदस्य:

-भाषा, साहित्य, कला वा अन्य विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको ।

-भाषा, साहित्य र कलाको क्षेत्रमा कम्तिमा ५ वर्षको योगदान र रुची भएको ।

-नेपाली नागरिक र मातृभाषा भोजपुरी भएको ।

-नैतिक पतन वा सार्वजनिक सम्पत्ति एवं आर्थिक हिनामिनामा दोषी नपाइएको ।

- उमेरको हकमा ६५ वर्ष ननाघेको ।

(ग) सल्लाहकार सभा सदस्य:

-भाषा, साहित्य, कला वा अन्य विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको । वा प्रमाणपत्र तह उत्तीर्ण गरी कला साहित्य क्षेत्रमा कम्तिमा १० वर्ष योगदान गरेको ।

-भाषा, साहित्य र कलाको क्षेत्रमा विशिष्ठ योगदान तथा रुची भएको ।

-नेपाली नागरिक भएको ।

-नैतिक पतन वा सार्वजनिक सम्पत्ति एवं आर्थिक हिनामिनामा दोषी नपाइएको ।

- उमेरको हकमा ७० वर्ष ननाघेको ।

प्रमुख
वीरगंज महानगरपालिका

## परिच्छेद - ५

### कोष तथा आर्थिक व्यवस्था संचालन

**१०. प्रतिष्ठानको कोष :**

(१) प्रतिष्ठानको एक आफ्नै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् ।

(क) वीरगंज महानगरपालिका, प्रदेश सरकार र नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति, राष्ट्रिय वा अन्तराष्ट्रिय संघसंस्था वा राष्ट्रबाट प्राप्त ऋण, चन्दा, सहायता, अनुदान वा दान दातव्यको रकम,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) प्रतिष्ठानको उद्देश्यलाई पूरा गर्न प्रतिष्ठानले कोष रकमको उपयोग गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले लिने ऋण वा सापटी कोषमा जम्मा र कोषबाट नै भरपाई गर्नुपर्ने छ ।

**११. बैंक खाता र संचालन:**

(क) प्रतिष्ठानको कोषको रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(ख) प्रतिष्ठानको सबै खर्चहरू कोषको बैंक खाताबाट व्यहोरिनेछ ।

(ग) प्रतिष्ठानको खाताको संचालन कार्यकारणी समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त हस्ताक्षरबाट वा तोकिए बमोजिम हुनेछ ।

**१२. लेखा र लेखापरीक्षण:**

(क) प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्ने छ ।

(ख) कार्यकारणी सभाले मान्यता प्राप्त लेखा परीक्षकलाई लेखा परीक्षणका लागि नियुक्त गर्नेछ ।

## परिच्छेद - ६

### विविध

**१३. अन्य निकायहरू:** प्रतिष्ठानको उद्देश्य पूर्ति गर्न कार्यकारणी सभाले आवश्यक ठानेमा दफा ६ को उपदफा (५) अनुसारका निकाय (संरचना) को स्थापना गर्न सक्नेछ । यस्ता निकायहरू केन्द्रीय कार्यालय मातहतमा रहने छन् । त्यस्तै समय समयमा आवश्यक उपसमिति समेत गठन गर्न सक्नेछ । त्यस्तो उपसमितिहरू कार्यकारणी सभाप्रति जवाफदेही हुनेछन् । साथै यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा निर्देशिका बमोजिम आफूलाई



प्रमुख
वीरगंज महानगरपालिका

प्राप्त अधिकारमध्ये आवश्यक्ता अनुसारको अधिकार उपसमितिलाई कार्यकारणी सभाले प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. बजेट:** वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट र त्यसको स्वीकृतिअनुसार प्रदेश सरकार वा संघीय सरकारअन्तर्गतका मन्त्रालय तथा निकायबाट प्रतिष्ठानले आफ्नो योजना, नीति तथा कार्यक्रम कार्यन्वयन गर्नका लागि बजेट माग र प्राप्त गरी नियमअनुसार खर्च गर्न सक्नेछ । त्यसैगरी विदेशी संघ संस्थाबाट प्रचलित कानुनअनुसार आर्थिक स्रोत तथा प्राविधिक सहयोग माग, प्राप्ति र खर्च गर्न सक्नेछ ।

**१५. पेश्की सापटी:** अन्यत्र जस्तो सुकै कुरा लेखेको भए तापनि प्रतिष्ठानको योजना, नीति तथा कार्यक्रम कार्यन्वयन गर्नका लागि आवश्यक्ताअनुसार प्रतिष्ठानको कोषबाट प्रचलित नियमअनुसार रकम पेश्की सापटी लिन बाधा पर्ने छैन ।

**१६. नियम वा निर्देशिका बनाउने अधिकार:** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न पूर्ण सभाले आवश्यक नियम वा निर्देशिका बनाउन सक्नेछ । कार्यकारणी सभाले पेश गरेको नियम वा निर्देशिका पूर्ण सभाबाट पारित गरी संरक्षकले प्रमाणित गरेपछि लागू हुनेछ ।

**१७. प्रकाशन प्रसारण:** यस प्रतिष्ठानले आफ्नो अध्ययन, विविध जानकारी, सूचना, प्रकाशन, पत्राचार, बुलेटिन र दृश्यश्रब्य सामग्री अध्यावधिक र सार्वजनीकरण गर्नका निम्ति वेवसाइट संचालन तथा आफ्ना प्रकाशनहरू प्रकाशित गर्न सक्ने छ । साथै आवश्यक स्वीकृतिहरूप्राप्त गरी एफएम रेडियो एवं टेलिभिजनसमेत संचालन गर्न सक्ने छ ।

**१८. सुविधा:** प्रतिष्ठानका पदाधिकारी तथा सदस्यहरूको लागि सुविधा तोकिएअनुसार हुनेछ ।

**१९. मार्यादाक्रम:** यस ऐनअनुसार स्थापित प्रतिष्ठानका अध्यक्षको मार्यादाक्रम महानगरपालिकाको नगर उपप्रमुख सरह र सदस्यहरूको वडा अध्यक्ष सरह हुनेछ । साथै यस प्रतिष्ठानका पदाधिकारी तथा सदस्यहरूको पद स्वयम्सेवी हुने छ र यसलाई सरकारी लाभको पद वा सरकारी सेवा मानिने छैन ।

**२०. संसोधन:** यस ऐनको संसोधन प्रचलित कानूनी व्यवस्थाअनुसार हुनेछ ।

**२१. बाधा अड्काउ फुकाउ:** यस ऐनमा उल्लेख नभएका वा अन्य विषयमा कुनै कुरा बाझिन गएमा पूर्ण सभाबाट वा विशेष परिस्थितिमा कार्यकारणी सभाबाट संरक्षकको स्वीकृतिले बाधा अड्काउ फुकाउ गर्न सकिनेछ ।

प्रमुख
वीरगंज महानगरपालिका

अनुसूची १ : अनुप्रतिष्ठानको छाप

## भोजपुरी प्रतिष्ठान, वीरगंज

प्रमुख
वीरगंज महानगरपालिका